प्रमुख अतिथिज्यू,

अतिथिज्यूहरु

राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु

विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

सहकर्मी कर्मचारी साथीहरु,

पत्रकारबन्धुहरु,

आदरणीय नगरवासी सम्पूर्ण उपस्थित महानुभावहरु

कीर्तिपुर नगरपालिकाको २१ औं विशेष नगर परिषदको नीति तथा कार्यक्रम र निर्णय सार्वजनिकीकरण गर्ने यस गरिमामय समारोहमा आ-आफ्ना कार्यव्यस्तताका बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस परिषदलाई उच्च प्राथमिकता दिई उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा कीर्तिपुर नगरपालिका कार्यालय तथा म मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट मुलुकमा एक गम्भीर संकटको अवस्था खडा भएको र कीर्तिपुर नगरबासीहरुमा पनि यस भूकम्पबाट अकल्पनीय पीडा तथा अनन्य मानवीय तथा भौतिक क्षतिको मार थोपरिएको व्यहोरा हामी सबैलाई अवगतै छ । पूर्व आंकलन नगरिएको र आकस्मिक रुपमा आइपरेको यस विपत्तीबाट सिर्जना भएको नया परिस्थितिको सामना गर्दै जनजीवनलाई सामान्य बनाउनु र पुनर्निर्माणको आगामी कार्यभारलाई जिम्मेवारीपूर्वक निर्वाह गर्ने सामर्थ्य सहित प्रस्तुत हुनु यस बखतको मुख्य आवस्यकता बनेको छ ।

स्थानीय स्वायत शासन ऐन २०५५ ले विकेन्द्रीकरणको माध्यमबाट स्थानीय आवश्यकता पहिचान गर्ने, प्राप्त श्रोत साधनको अधिकतम प्रयोग गरी आ-आफ्ना आवश्यकता पूर्ति हुने गरी सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निकायलाई दिएको छ । योजना छनौट एवं परिचालन गर्दा सहमागितात्मक पद्धति अवलम्बन गरी सबैलाई सहभागी हुने अवसर प्रदान गरेको छ । यति मात्र नभई महिला, वालवालिका, पिछडिएको समुदाय, आदिबासी, जनजाती लगायत विकासको मुलधारबाट टाढा रहेका जनसमुदायलाई प्राथमिकता दिइ विकासमा सहभागी हुन थप जोड समेत दिएको छ ।

हाल स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरुको सहभागिता छैन । निर्वाचित जनप्रतिनिधिहरुबाट सञ्चालित हुनु पर्ने स्थानीय निकाय लामो समयदेखि कर्मचारीबाट सञ्चालित भैरहंदा स्थानीय निकायमा जनताको मूल भावनाको प्रतिनिधित्व हुन नसकेको गुनासो बढेर जानु अनौठो विषय होइन । परिस्थितिले निम्त्याएको यस वाध्यात्मक अवस्थामा हामीले जनताका अधिकतम सुझाव र भावनाहरुलाई ग्रहण गर्दै आगामी कार्यदिशा तय गर्नु पर्ने भएको छ ।

चालु आर्थिक बर्ष २०७२।०७३ मा यस नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार तथा भौतिक निर्माण र सामाजिक विकास तर्फका विभिन्न कृयाकलापहरुको निक्यौंल गरी गत पौषमा सम्पन्न २० औं नगरपरिषदबाट नीतिगत व्यवस्थाका साथै बजेट समेत पारित भैसकेको भएता पनि विनाशकारी भूकम्पबाट सिर्जना भएको नया परिस्थिति र नया समस्यालाई सम्बोधन गर्नु पर्ने बाध्यात्मक अवस्थाका कारण यस विशेष परिषदको आयोजना गर्नु परेको व्यहोरा म यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु । मूलतः २० औं नगर परिषदले पारित गरेका नीति तथा कार्यक्रमलाई आधार मान्दै

नयाँ परिस्थितिलाई सम्बोधन गर्न केहि नयाँ नीति र कार्यक्रमहरु समावेश गर्ने गरी विशेष परिस्थितिका कारण आयोजना गरिएको विशेष परिषद भएका कारणले यसमा परिषद आयोजना र सञ्चालनका न्यूनतम शर्त तथा प्रकृयाहरुमा कहि कतै त्रुटी हुन पुगेको रहेछ भने त्यसलाई सहजतापूर्वक ग्रहण गरिदिनु हुन समेत म सबैमा विनम्र आग्रह गर्दछु ।

**अव म यस परिषद्ले लिएका नीति तथा मुख्य मुख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति माग्दछु ।**

यस परिषदमा खासगरी निम्न मुख्य नीतिहरु अवलम्बन गरिएको छ :

(१) २० औं नगर परिषदबाट पारित नीति तथा कार्यक्रमहरुलाई बदलिंदो आवस्यकता बमोजिम थप स्पष्ट पार्ने ।

(२) विनाशकारी भूकम्पका कारण सिर्जित नयाँ समस्याहरुलाई सम्बोधन गर्ने ।

(३) विनाशकारी भूकम्पका कारण आ.व.२०७१।०७२ सम्पन्न हुन नसकेका योजना र आ.व.२०७२।०७३ को लागि तय गरिएका योजनाहरु समेतलाई समायोजन गरी अति आवस्यक योजनाहरुको छनौट र कार्यान्वयन गर्ने ।

माथी उल्लेखित नीतिहरुलाई कार्यान्वयन गराउने सिलसिलामा बीसौं नगर परिषदबाट पारित योजनामा उल्लेख भए बमोजिम नगरपालिकाको भवन निर्माणको कार्य शुरु भैसकेको छ । नेपाल सरकारबाट प्राप्त एक करोड र नगरपालिकाको आन्तरिक श्रोतबाट १ करोड ३४ लाख समेतको बजेटबाट नगरपालिका भवन निर्माण कार्य शुरु भैसकेकोमा थप रकमको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गरिएको र अन्य श्रोत तथा आन्तरिक श्रोत समेत परिचालन गरी नगरपालिकाको भवन शीघ्र तयार गर्नु आवस्यक रहेको हुँदा चालु आ.व.मा भवन निर्माणको लागि आन्तरिक श्रोतबाट रु. १ करोड ५० लाखको बजेट व्यवस्था मिलाइएको छ । यसका अलावा नेपाल सरकारबाट प्राप्त हुने बजेट र अन्य दातृ निकाय समेतको खोजी गरी नगरपालिका भवन निर्माणको कार्यलाई यथासक्य चाँडो सम्पन्न गर्न प्रयास गरिनेछ ।

नगरक्षेत्रका सबै वडाहरुलाई खुल्ला दिशा मुक्त गर्दै जाने अभियान अनुसार दातृ निकायहरुसँग सहयोग र समन्वय गरी नगरपालिकाको समेत श्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईएको छ । यस आर्थिक बर्षभित्र यस नगर पालिकालाई खुल्ला दिशा मुक्त नगर घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ ।

नगरक्षेत्र भित्र हुन सक्ने विपद्को न्यूनिकरण एवं विपद्बाट बच्न पूर्व तयारीका लागि नगरस्तरीय विपद व्यवस्थापन समिति गठन गरिसकिएको र विपद् व्यवस्थापनको कार्यलाई व्यवस्थित गरिने र नगरस्तरीय विपद् व्यवस्थापन सम्वन्धि यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरुसंग साझेदारीमा काम गर्ने नीति बीसौं नगर परिषदबाट पारित गरिएकोमा बैशाख १२ को विनाशकारी भूकम्पबाट पीडित नगरबासीहरुको उद्धार तथा राहतको कार्यमा नगरस्तरीय र वडास्तरीय विपद व्यवस्थापन समितिहरुले अत्यन्त सह्राहनीय कार्य गरेको व्यहोरा यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु । आगामी दिनमा जुनसुकै प्रकारका विपदमा समेत प्रभावकारी रुपमा सेवा प्रदान गर्न सक्ने गरी सबै तहका विपद व्यवस्थापन समितिहरुलाई चुस्त बनाइराख्न थप पहल गरिने व्यहोरा समेत म यहाँ राख्न चाहन्छु । साथै विपदको समयमा आफ्नो निजी समस्यालाई एकातिर पन्छाएर पीडितहरुको उद्धार र राहतको कार्यमा अहोरात्र खट्नु

हुने सवै महानुभावहरु,माननीय सभाससदज्यूहरु, सरकारी तथा गैर सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ स ंस्थाहरु, राजनीतिकदलहरु, सुरक्षाकर्मीहरु, कर्मचारी साथीहरु, समाजसेवी, पत्रकारबर्ग लगायत सवै व्यक्ति वा संस्थाका प्रति हार्दिक आभार समेत व्यक्त गर्न चाहन्छु ।

वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पहरु समेतका कारणले कीर्तिपुर नगर क्षेत्रमा व्यापक धनजनको क्षति भएको व्यहोरा विदितै छ । यस भूकम्पबाट यस नगरपालिका क्षेत्रभित्रको घटना र कीर्तिपुरबासी नागरिकहरु बाहिर गएको अवस्थामा भूकम्पमा परी मृत्यु भएको समेत जम्मा ४३ जनाको मानवीय क्षतिको अभिलेख कायम भएको छ भने कीर्तिपुर नगरपालिका भरीका ३५१३ घर पूर्णरुपमा क्षति भएको र ४१५७ घरहरु आंशिक क्षति भएको अद्यावधिक अभिलेख कायम भएको छ । भूकम्प पीडितहरुको राहतको लागि मृतकहरुको हकमा प्रति मृतक रु ४० हजार किरिया खर्च तथा प्रति मृतक परिवारलाई रु.१ लाख थप आर्थिक सहायता वितरण भएको छ भने नगरपालिकाको तर्फबाट नगरबासी प्रति मृतक रु. ५ हजारको दरले थप सहयोग समेत उपलब्ध गराइसकिएको छ । भूकम्पबाट आफ्नो घर पूर्ण रुपमा क्षति भै अर्को वैकल्पिक वासस्थानको व्यवस्था नभएका जम्मा २७२४ परिवारलाई अस्थाई आवास निर्माणको लागि रु.१५ हजारका दरले सहायता प्रदान गरिसकिएको छ ।

यस बर्षको भूकम्प पीडादायक घटनाको रुपमा दर्ज त भएकै छ, साथसाथै कतिपय आशावादी विचारकहरुले यसलाई एक अवसरको रुपमा उपयोग गर्नु पर्ने सुझाव समेत दिने गरेका छन । खासगरी भूकम्पको ताण्डव त्रासदी पछि गरिने पुनर्निर्माणको कार्यमा विगतका गल्ती र कमजोरीहरु सच्याएर यस पीडालाई एक सुरक्षित र सुन्दर शहरको निर्माण गर्ने अवसरको रुपमा उपयोग गर्ने तर्फ सवैको ध्यान जानु पर्ने सुझाव निकै मननयोग्य रहेको पाइन्छ । कीर्तिपुर नगरलाई निकै लामो समयदेखि भौगर्भिक रुपमा भूकम्पिय दृष्टिकोणबाट सुरक्षित भन्ने गरिएको र कतिपय अवस्थामा त्यस्तो भनाईमा सत्यता समेत रहेको मानिएता पनि यस पटकको भूकम्पको मारबाट किर्तिपुर पनि अछूतो रहन सकेन । र वास्तवमा हामीहरुले समेत आगामी दिनमा भूकम्प जस्ता विपत्तीहरुका बारेमा पर्याप्त सचेतनाको विकास गराउनुका साथै आवस्यक सतर्कता र पूर्वतयारीका लागि प्रयास केन्द्रित गर्नु आवस्यक भएको छ । यसका लागि राष्ट्रिय भवन संहिताका प्र ावधानहरुलाई कडाइका साथ लागू गराउने नीति लिइएको छ भने भूकम्प प्रतिरोधात्मक घर निर्माणमा टेवा पुग्ने गरी प्र ाविधिक कर्मचारी, सिकर्मि डकर्मी लगायतका निर्माण कार्यमा संलग्न जनशक्तिलाई प्रशिक्षण दिने नीति लिइएको छ ।

नक्सा पास नगरी घर बनाउने, नक्सा विपरीत घर बनाउने, भवन संहिताका प्रावधानहरुको उल्लंघन गरी घर बनाउने जस्ता विसंगतीलाई कडाइका साथ नियन्त्रित गरिने छ । भूकम्प पीडितलाई नयाँ घर निर्माणको सिलसिलामा तिर्नु पर्ने नक्सा पास दस्तुरमा ६० प्रतिशत छूट दिने नीति लिइने छ । त्यस्तै मापदण्ड विपरीत नभएका तर नक्सापासको न्यूनतम प्रावधानहरु उल्लंघन गरी वा विधिसम्मत दिइएका निर्देशनको उल्लंघन गरी घर निर्माण गर्ने घरधनीहरुलाई नक्सा पास प्रकृयामा सामेल हुन आएको खण्डमा घर निर्माणको अवस्था र निर्देशन उल्लंघनको मात्रा समेत विचार गरी स्थानीय स्वायत्त शासन ऐनको प्रावधान बमोजिम अधिकतम जरिवाना गरेर मात्र नक्सा पासलाई नियमित गरिने नीतिलाई अझ कडाइ गरिनेछ । मापदण्ड विपरीत गरिएका निर्माणहरुलाई भत्काउने आदेश दिने तर्फ समेत कडा कदम चालिने नीति लिइनेछ । नगरपालिका कार्यालयको नक्सा शाखालाई चुस्त र प्रभावकारी बनाउनुका साथै नक्सा पास प्रकृयालाई सवैले बुझ्न सक्ने र अनुमानयोग्य बनाउने तर्फ आवस्यक प्रयास गरिनेछ । मापदण्डका कुराहरु, नक्सा पास प्रकृया, यसमा संलग्न प्राविधिक तथा अन्य कर्मचारीहरुको जिम्मेवारी र आचारसंहिता जस्ता विषयहरुमा संघीय मामिला तथा

स्थानीय विकास मन्त्रालयबाट समय समयमा प्राप्त निर्देशन तथा नेपाल सरकारका अन्य निर्णय समेतलाई कडाइका साथ लागू गरिने छ ।

भूकम्पका कारण भत्किएका संरचनाहरुको भग्नावशेष ( Debris ) व्यवस्थापनको कार्य एक मुख्य चुनौतीको रुपमा अगाडी आएको छ । भूकम्पमा परी संरचना भत्किएर सार्वजनिक बाटो अवरुद्ध गरेका थुप्रै कुडाकर्कटहरु हटाउने कार्य भएको भएता पनि आगामी दिनमा समेत जीर्ण संरचनाहरुको भग्नावशेष व्यवस्थापन गर्नु पर्ने अवस्था रहिरहने देखिएको छ । यस कार्यमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु, सामाजिक संघ संस्थाहरु तथा स्थानीय समुदायको सक्रिय सहभागिता र सहयोगको निरन्तरताको अपेक्षा गरिएको छ । यस कार्यको लागि नगरपालिकाको तर्फबाट समेत रु.२५ लाख सम्म खर्च गर्ने गरी थप कार्यक्रम समावेश गरिएको छ ।

यस नगरपालिलकामा फोहरमैला संकलन एवं विसर्जन गर्ने कार्य परम्परागत रुपमा नगरपालिकाले नीजि क्षेत्रको साझेदारीमा गर्दै आएको छ । यसबाट फोहरमैला संकलन एवं विसर्जन कार्य हुदै गरेपनि त्यो त्यति व्यवस्थित र भरपर्दो हुन सकिरहेको छैन । यहां भएका केही नीजि संस्थाहरुको पनि क्षमता विकास र आर्थिक एवं प्राविधिक विकासका लागि नाममात्रको सहयोग उपलब्ध हुन सकेको छ । बढ्दो शहरीकरणले फोहरको उत्पादन बढ्दै गइरहेको तर फोहोर व्यवस्थापनको वैज्ञानिक पद्धति अवलम्बन गर्न नसकिएको कारणले यहाँको फोहोर दिनानुदिन एक जटिल समस्या बन्दै गैरहेको छ । आगामी दिनमा उत्पन्न हुन सक्ने थप जटिलतालाई ख्याल गरी हामीले फोहोर व्यवस्थापनको कार्यलाई एक उपयुक्त ढाँचामा अघि बढाउनु आवस्यक भएको छ । सार्वजनिक स्थल, बाटोघाटो, नदी किनारा वा अन्य कुनै पनि खुल्ला स्थानमा जथाभावी फोहोर फ्याँक्ने प्रवृत्तिमा तत्काल कडाइका साथ नियन्त्रण गर्नु पर्ने अवस्था रहेको छ भने घर घरबाटै फोहोरलाई कुहिने र नकुहिने गरी विभाजन गर्न र सोही बमोजिम कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गने ´ तथा नकुहिने फोहोरबाट पुनः प्रयोग हुन सक्ने पदार्थ छुट्याई त्यस्ता फोहोरलाई पुनः प्रयोग गर्न सकिने अवस्था निर्माणको लागि आवस्यक प्रबन्ध गर्ने तर्फ ध्यान दिइ फोहोर व्यवस्थापनको कार्यलाई व्यवस्थित, वैज्ञानिक र दीर्घकालीन बनाउनु पर्ने भएको छ । यसको लागि नगरपालिकाले निकट भविष्यमा नै फोहोर संकलन र व्यवस्थापन कार्यमा संलग्न हुन चाहने संस्थाहरुलाई विधिवत रुपमा आफ्नो सेवा सञ्चालन गर्न पाउने गरी नगर पालिका संग सम्झौता गर्न आह्वान गर्ने गरी सूचना प्रकाशन गरिने कार्यक्रम मिलाइको छ । यस्तो सम्झौता पछि एकातिर विभिन्न संस्थाहरुले फोहोर संकलन गर्ने, त्यसको व्यवसायिक उपयोग गर्ने र जनता संग फोहोर व्यवस्थापन गरे वापत शुल्क उठाउन पाउने अधिकारलाई कानूनी मान्यता प्राप्त हुनेछ भने अर्को तिर विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त हुन सक्ने फोहोर व्यवस्थापन सम्बन्धी विभिन्न आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने बैधानिक र व्यवस्थित पद्धतिको स्थापना हुनेछ । यसबाट नगरको दीर्घकालीन फोहोर व्यवस्थापनको समस्या समाधानमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

बागमती नदी सफाई कार्यक्रम एक महा अभियानको रुपमा अघि बढिसकेको छ । यस पवित्र कार्यमा कीर्तिपुर नगरपालिका र यहाँका अन्य थुप्रै व्यक्ति तथा संघ संस्थाहरु समेत सक्रिय रुपमा संलग्न रहंदै आएको हामीलाई जानकारी नै छ । बागमती नदीमा यहाँका स्थानीय संस्थाहरुमार्फत सरसफाईको कार्यलाई व्यवस्थित बनाउने, नदी किनारामा बृक्षारोपण तथा सौन्दर्यीकरणका अन्य कार्यहरु गर्ने र बागमती नदीलाई पुनः एक पवित्र र आस्थाको केन्द्रको रुपमा स्थापित गराउने बागमती सफाई महा अभियानको उद्धेस्यमा टेवा पुर्‍याउने गरी कीर्तिपुर नगरपालिकाको क्षेत्रमा पने ´ बागमती नदी किनाराको खण्डलाई व्यवस्थित, स्वच्छ सफा र हराभरा बनाउन यहाँका स्थानीय संस्थासंग सम्झौता गरिने

प्रकृयाको थालनी भैसकेको छ । यसबाट पनि हाम्रो नगर क्षेत्रमा हरियाली प्रबर्धन र बातावरणको संरक्षणमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ । वातावरण मैत्री स्थानीय शासन कार्यक्रम लागू गराउन आवस्यक प्रकृया अघि बढाउने नीति लिइने छ ।

परम्परादेखि जकडिएर रहेका कतिपय सामाजिक समस्याहरुलाई जरैबाट उखेलेर हरेक पछौटे समाजलाई एक सभ्य, सक्रिय र आत्मनिर्भर समाजको रुपमा स्थापित गराउने अभियानलाई नगरपालिकाले प्राथमिकतापूर्ण क्षेत्रको रुपमा लिएको छ । यसको लागि सामाजिक परिचालनको कार्यक्रमलाई विशेष जोड दिइएको छ । धेरै लामो समयदेखि रोकिएर रहेको एलजिसिडिपि कार्यक्रम अन्तरगतको स्थानीय सेवा प्रदायक तथा सामाजिक परिचालकरुको छनौट र वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रहरुको पुनर्गठन गरी सामाजिक परिचालनका कृयाकलापहरुलाई अगाडी बढाइएको छ । यसबाट आगामी दिनमा सामाजिक विकास तथा परिवर्तनको अभियानमा ठूलो टेवा पुग्ने अपेक्षा गरिएको छ ।

नगरपालिकाको काम कारबाही, कर्मचारीहरुको व्यवहार र जनताप्रतिको उत्तरदायीत्व अपेक्षाकृत कमजोर रहेको र नगरबासीहरुले नगरपालिका कार्यालयबाट समयमा नै प्राप्त गर्नु पर्ने सेवामा सुधार हुनु पर्ने गुनासो रहँदै आएको परिप्रेक्षमा विद्यमान कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवस्यक तालिमका साथै आफ्नो कामप्रति गैर जिम्मेवार रहने कर्मचारीहरुलाई कारबाही गरिने नीति लिइनेछ । नगरबासीहरुको सेवा र सन्तुष्टी नै नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको एकमात्र अभिष्ट हो भन्ने मूल भावनाबाट काम गर्ने वातावरणको सिर्जना गर्ने तर्फ आवस्यक प्रयास केन्द्रित गरिनेछ ।

गत बैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण हामीले अघिल्लो बर्षमा वडास्तरीय कुनै पनि योजनाहरु कायान्वयन गर्न सकेनौं । यस बर्षको लागि के कस्ता योजनाहरु कार्यान्वयन गर्ने भनी गत पौषमा भएको २० औं नगरपरिषदबाट निर्क्यौल भै सकेको भएता पनि भूकम्प पछिको हालको अवस्थामा हाम्रा प्राथमिकता र आवस्यकताहरु परिवर्तन भएका पनि छन । हाम्रो श्रोतको सीमितता र नयाँ समस्यालाई सम्बोधन गर्नै पर्ने अवस्था पनि रहेको छ । यी सवै परिस्थितिहरुलाई विचार गरी वडास्तरीय योजनाहरुको हकमा अधुरा रहेका योजनाहरु पूरा गर्ने, पहिला नै उपभोक्ता समिति गठन भै प्रकृया अघि बढिसकेका योजनालाई सम्पन्न गर्ने र भरसक दुवै आ.व. ( २०७१।०७२ र २०७२।०७३ ) का योजनालाई एकिकरण गर्न संभव योजनाहरु र पुनर्निर्माण तथा जोखिम न्यूनिकरणमा टेवा पुर्‍याउने खालका योजनाहरु लाई प्राथमिकतामा राखि क्रमशः कार्यान्वयन गर्दै लैजाने नीति लिइएको छ ।

बैशाख १२ को भूकम्पका कारण कीर्तिपुरका विभिन्न धार्मिक , पुरात्तात्विक एवम् प्रचीन कला र संस्कृतिको उत्कृष्ट नमुनाको रुपमा रहेका थुप्रै ऐतिहासिक सम्पदाहरुमा व्यापक क्षति भएको छ । यी सम्पदाहरुको पुनर्निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखेर कार्य अगाडी बढाउनु पर्ने आवस्यकता रहेको छ । नगरपालिकाको एक्लो प्रयासमात्र बाट सवै सम्पदाहरुको पुनर्निर्माणको कार्य हुन सक्ने अवस्था नरहेको हुँदा यसको लागि निकट भविष्यमा गठन हुने पुन निर्माण प्राधिकरण तथा पुरातत्व विभाग संग समेत समन्वय गरी सवै ऐतिहाँसिक सम्पदाहरुको पुनर्निर्माणको प्र कृयालाई अघि बढाउने नीति लिइएको छ । यस सिलसिलामा नगरपालिकाको तर्फबाट पुर्‍याउनु पर्ने योगदान र निर्वाह गर्नु पर्ने भूमिकाको लागि नगरपालिका सदा तत्पर रहने व्यहोरा समेत प्रस्तुत गर्न चाहन्छु ।

**अव म यस कीर्तिपुर नगरपालिका कार्यालयको गत आर्थिक वर्षको यथार्थ खर्च, चालु आ.व. २०७२/०७३ को अनुमानित आय र व्यय प्रस्तुत गर्ने अनुमती माग्दछु ।**

आ.व. २०७१/०७२ मा कूल आय रु. २१,४२,१८,६७०।४१ (गत आ. व. को जिम्मेवारी सहीत) भएको थियो । त्यसमा आन्तरिक श्रोतबाट रुं. ६,५२,९६,४११।४१ रहेको थियो भने बाहृय श्रोतबाट रु. १४,८९,२२,२५९।०० र आ. व. २०७०/७१ को मौजदात रु २,१६,४६,३०९।३४ भएको थियो । यसैगरी व्ययतर्फ भने चालु खर्च तर्फ रु. ४,१७,५४,००२।७१ (सा सु का, फो. मै. वे र दमकल एम्वुलेन्स संचालन सहित), जिल्ला दैविक प्रकोप उद्दार समिति काठमाडौं वाट भुकम्प पिडितहरुका लागी प्राप्त रकममा खर्च ५,२९,०५,०००।०० र पुँजिगत तर्फ रु. ७,०१,९०,८१६।६८ गरी कुल रु. १६,४८,४९,८१९।३९ भएको थियो ।

यस आ.व.२०७२/०७३ मा आन्तरिक तर्फ रु.८,०३,३०,४००।- (गत आ. व. को जिम्मेवारी सहीत) र वाहय तर्फ रु. १२,३६,९०,०००।- गरी कुल अनुमानित आय रु. २०,४०,२०,४००।- र व्यय अर्न्तगत चालुतर्फ रु.५,९४,३८,०००।- (सा सु का, फो. मै. वे र दमकल एम्वुलेन्स संचालन सहित) तथा पूजीगत तर्फ रु.१४,४५,८२,४००।- समेत जम्मा रु. २०, ४०,२०,४००।-व्यय हुने गरी बजेट, योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

UNDP, UN-HABITAT / CIUD, OXFAM, , LUMANTI, REDCROSS, CWIN, CORD लगायत अर्न्तराष्ट्रिय, दुई पक्षीय एवं बहुपक्षीय निकाय/ साझेदार लगायत बजेट, नीति तथा कार्कम कार्यान्वयन गर्ने कार्यमा प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नुहुने सबैमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिदै सम्बृद्ध नगरपालिका बनाउन अझ बढी सहयोग र सहकार्य हुने अपेक्षा गर्दछु ।

बजेट तयार गर्न हामीलाई निरन्तर सहयोग र मार्ग दर्शन गर्नु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत सरकारी निकायहरु, नागरिक समाज, सञ्चार जगत, वडाबासी एवं वडा कार्यालयहरु, नगरपालिकाका सवै कर्मचारी मित्रहरु लगायत सम्बद्ध सबैमा आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा हाम्रो निम्तालाई स्वीकार गरी एक्काइसौ विशेष नगरपरिषदमा उपस्थित भई हामीलाई मार्गदर्शन र हौसला प्रदान गरिदिनु भएकोमा प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु लगायत उपस्थित सबैमा नगरपालिका परिवारको तर्फबाट आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत बजेट, नीति र कार्यक्रमको तयारीमा जस्तै यसको कार्यान्वयन पक्षमा पनि सबैबाट सदाझैं पर्याप्त सहयोग र सहकार्य हुने नै छ भन्ने विश्वास व्यक्त गर्दै विदा हुन्छु ।

धन्यवाद ॥

२०७२/०४/२९ गते शुक्रवार

नूरहरि खतिवडा

प्रमुख एवं कार्यकारी अधिकृत